छत्रकोट गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चोयगा, गुल्मी

प्रदेश नं. ५, नेपाल

छत्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चोयगा, गुल्मी ५ नं. प्रदेश, नेपाल

(प्रथम पटक प्रकाशित मितिः २०७७।०२।२२)

चालू आ.व. २०७६।७७ मा यस प्रदेश नं. ५ भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय को स्वीकृत कार्यक्रम अनुसार यस गाउँपालिकामा कोभिड विशेष कृषि कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक कृषकले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले कम्तिमा १५ दिन भित्र (मिति २०७७।०३।०४ गते भित्र) यस कार्यालयमा तपसिलको विवरण पेश गरी दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन वा सूचना टास गरिएको छ।

**तपसिल विवरण**

क) कार्यक्रमहरु

क१. कोभिड लक्षित व्यावसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम

क२. विदेशबाट फर्केका र व्यवसायय उन्मुख कृषकहरुलाई कृषि विकास प्रोत्साहन कार्यक्रम

ख) कार्यक्रम सञ्चालन हुने स्थान छत्रकोट गाउँपालिकाका सबै ६ वटा वडा

ग) पशु वा वालीको नामः कृषि बाली र पशुपालन

घ) कोभिड विशेष कृषि कार्यक्रमको लागि मापदण्डः

| सि.नं. | विवरण | क्षेत्रफल वा संख्या | जम्मा लाभग्राही संख्या | अनुदान रकम रु |
|---|---|---|---|---|
| १ | कोभिड लक्षित व्यावसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम | २ रोपनी | ११७ | २०००० |
| २ | विदेशबाट फर्केका र व्यवसायय उन्मुख कृषकहरुलाई कृषि विकास प्रोत्साहन कार्यक्रम | कृषिबालीको हकमा २ रोपनी, मौरीपालनको हकमा ३ घार, कुखुरापालनको हकमा ५० चल्ला, वंगुर तथा बाखापालनको हकमा ५ वटा पाठापाठी | १०० | २०००० |

ङ) पेश गर्नुपर्ने कागजातहरु

१. निवेदन फाराम

२. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्र वा विदेशबाट फर्केको भए प्रमाणपत्रको फोटोकपी

३. अनुसूची-४ अनुसारको प्रस्ताव ढाँचा

४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

2/22

प्रमुख प्रशासकीय अधिकृत